प्रस्तावहरु ( २०७८/०७/२९ गते )

प्रस्ताव नं. १ : चालु आ.व. को प्रथम चौमासिकसम्मको प्रगति प्रतिवेदन तथा समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : योजनाको म्याद थप सम्बन्धमा।

प्रस्ताव नं. ३ : ऐन तथा कार्यविधि संशोधन तथा स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ४ : योजना संशोधन सम्बन्धमा।

प्रस्ताव नं. ५ : विभिन्न वडाबाट माग भएका योजनाहरुको लागत साझेदारीबाट कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : विभिन्न वडाबाट (६०% नगरपालिका र ४०% उ.स. श्रमदान) अन्तर्गत माग भएका योजनाहरुमा बजेट विनियोजन सम्बन्धमा।

प्रस्ताव नं. ७ : योजना सिफारिस सम्बन्धमा।

प्रस्ताव नं. ८: मेलम्ची नदी फट्टे र ईन्द्रावती नदीमा अस्थायी हयुम पाइप कल्भर्ट निर्माण गर्नको लागि थप बजेट विनियोजन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ९ : पदपूर्ति गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : फोहोरमैला व्यवस्थापनको लागि बजेट व्यवस्था सम्बन्धमा।

प्रस्ताव नं. ११ : सूचना प्रकाशन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १२ : प्राथमिक स्वास्थ्य केन्द्रलाई नगर अस्पतालको रुपमा संचालन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १३ : खर्च अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. १४ : नगर– नगर साझेदारी सम्बन्धमा।

प्रस्ताव नं. १५ : श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भएको चालु आ.व. २०७८/०७९ को संशोधित अनुमानित बजेट सम्बन्धमा ।

प्रस्ताव नं. १६ : बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएका योजना सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं. १

मिति २०७८ मंसिर १ गते सम्पन्न हुने दशौं नगर सभामा नगर प्रमुखज्यूद्धारा प्रस्तुत गरिने चालु आ.व. २०७८/०७९ को प्रथम चौमासिकसम्म नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको अनुसूचीमा उल्लिखित प्रगति प्रतिवेदन माथि आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो।

निर्णय नं. २

मेलम्ची नगरपालिकाबाट चालु आ.व.मा संचालित देहायका योजनाहरु कोभिड–१९ तथा मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ र त्यसपछि आएको बाढिको कारण समयमा नै सम्पन्न हुन नसेकेको हुँदा उक्त योजनाहरुको मिति २०७८ साल पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | म्याद थप गर्नुपर्ने योजनाको विवरण | ठेगाना |
|---|---|---|
| १ | नगरपालिका भवन परिसर पूर्वाधार निर्माण | मेलम्ची न.पा. ११ |
| २ | स्याङतान टोल पहिरो नियन्त्रण | मेलम्ची न.पा. ३ |
| ३ | महाभिर खाल्डे सडक फेज २ | मेलम्ची न.पा. १ |
| ४ | मेलम्ची डडुवा खण्ड बिसौना पहिरो नियन्त्रण | मेलम्ची न.पा. ११ |
| ५ | धुसेनी सडक स्तरोन्नती | मेलम्ची न.पा. ११ |
| ६ | तपचुली पातल गुफा भोटेचौर पर्यटकीय क्षेत्र DPR निर्माण | मेलम्ची न.पा. १ र २ |

निर्णय नं. ३

विधायन समिति तथा नगर कार्यपालिका वैठकमा छलफल भई सिफारिस भएका अनुसूचीमा उल्लिखित देहाय बमोजिमका ऐन तथा कार्यविधि संशोधन तथा स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

(क) मेलम्ची नगरपालिकाको सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७८

(ख) लेखा समितिको कार्य सम्पादन सम्बन्धी कार्यविधि, २०७८

(ग) मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक, २०७८

(घ) मेलम्ची नगरपालिकाको विनियोजन ऐन, २०७८ को संशोधन विधेयक, २०७८

निर्णय नं. ४

मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट संशोधनका लागि पेश भएका देहायका योजनाहरु संशोधन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | हाल भएको योजनाको विवरण | विनियोजित बजेट रु. | संशोधित योजनाको विवरण | विनियोजित बजेट रु. |
|---|---|---|---|---|
| १ | तपचुली शौचालय निर्माण, मेनपा २ | १० लाख | तपचुली शौचालय तथा भौतिक पूर्वाधार निर्माण, मेनपा २ | १० लाख |
| २ | शिखरपुर स्वास्थ्य चौकी जगा व्यवस्थापन , मेनपा १० | ५ लाख | राजदल, दनुवार, कार्की टोल खानेपानी योजना मर्मत , मेनपा १० | ५ लाख |
| ३ | साउने मुल किरिया घर निर्माण, मेनपा ९ | १ लाख | खरानी खोल्सी मुहान पिप्ले सिंचाई योजना, मेनपा ९ | १ लाख |
| ४ | बालचौर च्यानघाट माझटोल मोटर बाटो स्तरोन्नती, मेनपा ११ | ३ लाख | बालचौर च्यानघाट माझटोल खेल मैदान निर्माण, मेनपा ११ | ३ लाख |
| ५ | कृषि तथा बाँदर बँदेर रोकथाम , मेनपा ११ | २ लाख | मेलम्ची बजार प्रतिक्षालय निर्माण, मेनपा ११ | १ लाख |
| | | | दलित संस्कृति उत्थान, मेनपा ११ | १ लाख |
| ६ | वडा नं. १३ भित्रका सडक सुधार | १५ लाख | वडा नं. १३ भित्रका सडक सुधार | १० लाख |
| | | | सितुवा बगर बेशीफाँट खानेपानी निर्माण | १ लाख |
| | | | गैरीगाउँ सिठुवा वेंशी खानेपानी निर्माण | १ लाख |
| | | | बरेटार क्रियापुत्री भवन निर्माण | ३ लाख |

निर्णय नं. ५

मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट माग भई आएका देहाय बमोजिमका योजनाहरुको लागि देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | विनियोजन बजेट रु. | बजेट शिर्षक |
|---|---|---|---|
| १ | अधिकारी खड्का टोल पहिरो नियन्त्रण, मेनपा ९ | नगरपालिका ५६००००।– र उपभोक्ता समिति २४००००।– | लागत साझेदारी (७०% – ३०%) |
| २ | गिरान्चौर खानेपानी आयोजना मिटर जडान खर्च , मेनपा १२ | ५०००००।– | विविध सार्वजनिक निर्माण |

निर्णय नं. ६

मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयहरुबाट ६० प्रतिशत नगरपालिका र ४० प्रतिशत उपभोक्ता समिति (श्रमदान) अन्तर्गत माग भई आएका देहाय बमोजिमका योजनाहरुको लागि देहाय बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | नगरपालिका साझेदारी ६०% | उपभोक्ता समिति साझेदारी ४०% | जम्मा बजेट रु. | बजेट शिर्षक |
|---|---|---|---|---|---|
| १ | झापु तल्लो सिंचाई कुलो निर्माण, मेनपा ८ | ६०००००।– | ४०००००।– | १००००००।– | विपद् व्यवस्थापन कोष |
| २ | काप्रे खोला अर्चले सिंचाई सिंचाई योजना, मेनपा ८ | ६०००००।– | ४०००००।– | १००००००।– | विपद् व्यवस्थापन कोष |
| ३ | सुनखानीखोला काभ्रे धार्ना सिंचाई, मेनपा ७ | ६०००००।– | ४०००००।– | १००००००।– | विपद् व्यवस्थापन कोष |
| ४ | धोबीखोला पदाली सिंचाई, मेनपा ७ | ६०००००।– | ४०००००।– | १००००००।– | विपद् व्यवस्थापन कोष |
| ५ | जोगी मरुवा कुलो निर्माण, मेनपा ७ | ६०००००।– | ४०००००।– | १००००००।– | विपद् व्यवस्थापन कोष |
| ६ | फलामे बेंसी सिंचाई कुलो निर्माण, मेनपा १० | ३६००००।– | २४००००।– | ६०००००।– | विपद् व्यवस्थापन कोष |
| ७ | खाल्डे सिम्ले खेत सिंचाई, मेनपा ९ | ३३९४०५।– | २२६२७०।– | ५६५६७५।– | विपद् व्यवस्थापन कोष |
| ८ | सितिनी सिम राईबारी खेत जाने कुलो, मेनपा ९ | ३३८०६९।०७ | २२५३७९।३८ | ५६३४४८।४५ | विपद् व्यवस्थापन कोष |

निर्णय नं. ७

मिति २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची, ईन्द्रावती र अन्य नदीमा आएको बाढीबाट क्षति भएका तथा अन्य देहाय बमोजिमका योजनाहरु निर्माणका लागि संघीय मन्त्रालय, प्रदेश मन्त्रालय एव् सम्बन्धित निकायमा सिफारिस गर्न नगर सभामा पेश गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | ठेगाना |
|---|---|---|
| १ | फलामे शहरेफाँट ईन्द्रावती नदी नियन्त्रण | मेलम्ची न.पा. १० |
| २ | काफ्लेखोला ईन्द्रावती नदी नियन्त्रण | मेलम्ची न.पा. ९ र १० |
| ३ | अँधेरी खोल्सा पहिरो नियन्त्रण | मेलम्ची न.पा. १० |
| ४ | महादेवखोला ढापचौर झोलुङ्गे पुल निर्माण | मेलम्ची न.पा. १ |
| ५ | मेलम्ची पुरानो बजार झोलुङ्गे पुल निर्माण | मेलम्ची न.पा. ११ |
| ६ | खोप तथा गाउँघर क्लिनिक भवन निर्माण | मेलम्ची न.पा. १० |

निर्णय नं. ८

मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची नदी फट्टेमा अस्थायी हयुम पाइप कल्भर्ट निर्माण गर्नको लागि मिति २०७८/०६/११ को कार्यपालिका वैठकबाट रु. १९,६२,०००।– बजेट विनियोजन भएको तथा मिति २०७८/०६/१७ गतेको नगर प्रमुखज्यूको स्वीकृत टिप्पणी आदेशबाट रु. २,०८,०००।– बजेट विनियोजन भएकोमा मिति २०७८ साल असोज ३० गते आएको बाढीबाट निर्माणको चरणमा रहेको कल्भर्ट र पहुँच मार्ग नदीले क्षति पुर्याएकोले उक्त स्थानमा हयुम पाइप निर्माण र पहुँच मार्ग निर्माणको डिजाइन परिवर्तन गरी थप काम गर्नुपर्ने भएकोले हुँदा उक्त थप कार्य गर्नको लागि मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषबाट खर्च हुने गरी संशोधित प्राविधिक लागत अनुमान रु. २४,८०,५२४/८८ मध्ये कन्टेन्जेन्सी सहित रु. ३,१०,५२४/८८ (अक्षरुपी तीन लाख दश हजार पाँच सय चौबिस रुपैयाँ पैसा अठासी मात्र) थप बजेट विनियोजन गर्ने निर्णय गरियो । त्यसैगरी मेलम्ची नवलपुर सडक खण्डको ईन्दावती नदीमा अस्थायी कल्भर्ट निर्माण गर्नको लागि कोटेशन मार्फत खर्च गर्ने गरी नपुग रकम रु. १,००,०००।– (अक्षरुपी एक लाख रुपैयाँ मात्र ) मेलम्ची बाढीपीडित राहत तथा पुनर्स्थापना कोषबाट खर्च हुने गरी बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

मेलम्ची नगरपालिकाबाट चालु आ.व.मा विनियोजन भएका योजनाहरु कार्यन्वयन गर्नको लागि थप प्राविधिक जनशक्ति आवश्यक परेको हुँदा बढीमा छ महिनाको लागि करार सेवामा ३ (तीन) जना असिस्टेन्ट सव इन्जिनियर र मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रमा प्रशुति सहितको उपचार सेवा (CEONC) संचालनको लागि आवश्यक पर्ने जनशक्ति पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

मिति २०७८ असार १ र त्यसपछिको मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट मेलम्ची नगरपालिकाको फोहोरमैला व्यवस्थापन केन्द्र पूर्ण रुपमा क्षति भएको हुँदा मेलम्ची नगरपालिका अन्तर्गतका बजारहरुबाट संकलन हुने फोहोरमैलालाई मेनपा वडा नं. १२ स्थित टुनीखर्कमा व्यवस्थापन गर्ने निर्णय गरियो । साथै, उक्त फोहोरमैला व्यवस्थापन केन्द्रमा आवश्यक पूर्वाधार तथा संरचनाहरु निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिम फोहोरमैला व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी उपभोक्ता समिति मार्फत कार्य अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ११

कृषि विकास कोषबाट अनुदान प्राप्त गर्नको लागि कृषि विकास कोष संचालन कार्यविधि बमोजमि प्रत्येक आ.व. को श्रावण महिना भित्र सूचना प्रकाशन गर्नुपर्नेमा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढी पहिरोको विशेष कारणबाट उक्त सूचना निकाल्न नसकिएको र मिति २०७८ साल मंसिर महिनाको पहिलो हप्ता भित्र उक्त सूचना प्रकाशन गर्नको लागि आर्थिक विकास समितिको मिति २०७८/०७/२८ गतेको निर्णयबाट सिफारसि भई आएको हुँदा सिफारिस भई आए बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो।

निर्णय नं. १२

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंबाट मेलम्ची प्राथिमक स्वास्थ्य केन्द्रलाई १५ शैयाको नगर अस्पतालमा स्तरोन्नती गरी सूचिकृत भैसकेको हुँदा उक्त प्रथमिक स्वास्थ्य केन्द्रलाई मेलम्ची नगर अस्पतालको रुपमा संचालन गर्न आवश्यक निर्णयको लागि लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १३

मेलम्ची नगरपालिका वडा नं. ५ स्थित अडेसा लोक संगित प्रा.लि. ले छुवाछुत, जातीय विभेद तथा लैङ्गिक हिंसा बिरुद्ध बृहत सांस्कृतिक कार्यकम संचालन गर्न खर्च गरेको रकम रु. ६५०००।– (अक्षरुपी पैंसठी हजार रुपैयाँ मात्र) महिला बालबालिका तथा सामाजिक समावेशिकरण शाखा अन्तर्गतको मागमा आधारित दलित लक्षित कार्यक्रममा विनियोजन भएको बजेटबाट खर्च बेहोर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १४

मेलम्ची नगरपालिकामा मिति २०७८ साल असार १ गते र त्यसपछि आएको बाढीबाट उत्पन्न परिस्थितिबाट बाढीपीडित लक्षित कार्यक्रम संचालनमा नगरपालिकाको श्रोत परिचालन गरिएको हुँदा यस नगरपालिकाको न्यूनतम साझेदारी र काठमाडौं महानगरपालिकासंग गत आ.व. मा भएको द्धिपक्षिय सम्झौता बमोजिम नगर नगर साझेदारी कार्यक्रम अन्तरगत मेलम्ची नगरपालिका वडा नं. १ भोटेचौर एकिकृत पर्यटन पूर्वाधार विकास निर्माण गर्नको लागि काठमाडौं महानगरपालिकासंग अधिकतम साझेदारी रहने गरी बजेट व्यवस्थापनका लागि काठमाडौ महानगरपालिकालाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १५

श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भएको अनुसूची बमोजिमको संशोधित आयको अनुमान स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भएको अनुसूचीमा उल्लिखित योजनाहरु स्वीकृतिको लागि नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।